# स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिका

खण्ड ४, संख्याः ८ चैत्र २७ गते , २०७७ साल

## भाग-२

## बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७७

प्रस्तावना

गत आ.व.२०७६।०७७ देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीले उद्योग व्यवसाय, सेवा लगायतका सम्पुर्ण रोजगारका अवसरहरु बन्द भई नेपाली युवाहरु देश तथा विदेशबाट घर फर्किएर बेरोजगार भई घरमा बस्नु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको र यस गाउँपालिका भित्र स्वरोजगार बन्नको लागी व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्नु बाहेक समयानुकुल अन्य विकल्प र संभावना नभएको हुँदा बेरोजगार युवाहरुलाई लक्षित गरि कृषि तथा पशुपालन लाई प्रवर्द्धन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यक्रम संचालन गर्नका लागी “बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७७” तयार गरिएको छ ।

### परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७७ रहेको छ ।

१.२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठक बाट पारित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१) विषयगत समिति भन्नाले सरुमारानी गाउँपालिकाको आर्थिक विकास समितिलाई सम्झनुपर्छ ।

२.२) सहकारी संस्था भन्नाले सरुमारानी गाउँपालिका भित्र संचालनमा रहेका कृषि सहकारी संस्थालाई सम्झनुपर्छ ।

२.३) कार्यालय भन्नाले सरुमारानी गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

२.४) पुर्वाधार निर्माण भन्नाले खोर, गोठ, भकारो, जग्गा सुधार, सिचाईको लागी कुलो बाँध, मोटर र पाईप तथा अन्य ईलेक्ट्रीक सामानलाई सम्झनुपर्छ ।

२.५) यन्त्र औजार भन्नाले कृषि तथा पशुपालनमा उत्पादनको लागी प्रयोग गरिने भाँडा कुँडा हाते तथा मेशीनरी औजारलाई सम्झनुपर्छ ।

२.६) कृषि सामग्री भन्नाले विउ, मल, माउ, बोका, पाठापाठी, मौरीघार, टनेल, घाँसबेर्ना लाई सम्झनुपर्छ ।

## परिच्छेद २

## ३. कार्यक्रमको उद्देश्य :

यस गाउँपालिकाको उन्नती र विकासका संवाहक तथा समृद्ध गाउँपालिकाका कर्णधार युवाहरु करिव पन्ध्रसयको संख्यामा रोजगारीको सिलसिलामा देश भित्र र देश बाहिर श्रमिक बनेर बाहिरिएका थिए, गत आ.व.देखि विश्वव्यापी रुपमा फैलियको कोभिड १९ को महामारीले कामहरु बन्द भई घर फर्किएका छन् र कतिपय युवाहरु रोजगारीको लागी देश बाहिर जान खोजीरहेका बेला विश्वव्यापी लकडाउनका कारण जान असमर्थ भई बेरोजगार भई घरमा बसीरहेका छन् यी युवाहरुलाई स्वरोजगारमुखी बनाई भौतिक दुरीमा काम गर्न सक्ने यहाँको वस्तुगत परिवेश बमोजिमको पेशा भनेको कृषि तथा पशुपालन नै हो तसर्थ  कृषक बन्न ईच्छुक युवाहरुलाई यस कार्यक्रममा आबद्ध गरी पुरक अनुदानबाट लगानीमा सहयोग गरी व्यावसायिक बन्न प्रेरित गर्ने र मेहनत र ईमान्दार भई स्वावलम्वी र आत्मनिर्भर बन्न उत्प्रेरणा दिनु नै यो कार्यक्रमको उद्देश्य रहेको छ ।

## परिच्छेद ३

## ४. कार्यक्रम कार्यान्वयन प्रक्रिया :

### ४.१) सुचना प्रवाह

४.१.१)सरुमारानी गाउँकार्यपालिकाको निर्णय अनुसार यस कार्यक्रम मा समावेश हुन चाहने युवाहरुलाई निवेदन पेश गर्नको लागी सुचना प्रकाशित गरिनेछ ।

४.१.२) उक्त सुचना गाउँकार्यपालिकाको कार्यालय बाट जारी गरिनेछ र जारी भएको सुचनालाई वडा कार्यालयहरु बाट विभिन्न टोलहरुमा टाँस गरिनेछ ।

४.१.३) निवेदन पेश गर्न ईच्छुकहरुले निवेदन सम्बन्धित वडा कार्यालयमार्फत सिफारिश साथ पेश गर्नुपर्नेछ ।

४.१.४) निवेदनको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

४.१.५) समुहको तर्फबाट निवेदन पेश गर्ने भएमा समुह दर्ता गरि समुहको निर्णय गरी निवेदन पेश गर्नुपर्नेछ ।

४.१.६) यस कार्यक्रममा आबद्ध हुन चाहने व्यक्ति वा  समुहले निवेदन साथ संक्षिप्त व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

४.१.७) संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा अनुसुची २ बमोजिम हुनेछ ।

### ४.२) निवेदन संकलन र स्थलगत निरिक्षण ।

४.२.१) निवेदन पेश गर्ने म्याद अवधि समाप्त भएको तिन दिन भित्र वडा कार्यालयहरुले संकलित निवेदन हरु कार्यपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

४.२.२) पेश भई संकलन भएका निवेदनहरु विषयगत समितिमा अध्ययन तथा छलफलका लागी कार्यालयले संकलन भएको एक हप्ता भित्र पेश गर्नुपर्नेछ ।

४.२.३) विषयगत समितिको निर्णय अनुसार गठीत प्राविधिक समितिले सम्बन्धित वडाको जनप्रतिनिधिलाई संलग्न राखी स्थलगत रुपमा संभाव्यता अध्ययन गरि तोकीएको समय भित्र प्रतिवेदन विषयगत समितिमा पेश गर्नुपर्नेछ ।

४.२.४) स्थलगत अध्ययनको प्रतिवेदन को ढाँचा अनुसुची ३ बमोजिम हुनेछ ।

४.२.५) प्राप्त निवेदन र अध्ययन प्रतिवेदन उपर विषयगत समितिको बैठकले प्राथमिकता र संभाव्यताको आधारमा संक्षिप्त सुची निर्धारण गर्नेछ र यसरी प्राथमिकताको हकमा बाहिर बाट रोजगार छोडी फर्कियर क्वारेन्टाईनमा बसी घर गएका युवाहरुलाई प्राथमिकता दिईनेछ

४.२.६) विषयगत समितिले तयार पारेको संक्षिप्त सुचि समितिले कार्यपालिकाको बैठकमा निर्णयार्थ पेश गर्नेछ ।

**४.३) बेरोजगार युवा लक्षित** कृषि तथा पशुपालन प्रवर्द्धन  कार्यक्रममा पुरक अनुदान स्वरुप कार्यक्रमको तर्फबाट साझेदारी यस प्रकारको हुनेछ ।

| एकल वा समुह | जग्गा | लिज भाडा | पुर्वाधार निर्माण | बिउ मल औषधी बच्चा माउ बोका | प्राविधिक सेवा | यन्त्र औजार | ज्यामी ज्याला यन्त्र औजार भाडा |
|---|---|---|---|---|---|---|---|
| एकल | निजि तथा लिज | ९०% | ६०% | ७५% | १००% | ५०% | ७०% |
| समुह | निजि लिज वा ऐलानी पर्ति | १००% | ७५% | ८५% | १००% | ६०% | ७५% |

४.३.१) कृषि तथा पशुपालन प्रवर्द्धनमा साझेदारी को प्रस्ताव कृषि सहकारी संस्थाले पेश गरेमा उक्त कार्यक्रमको लागी गाउँपालिकाले ६० प्रतिशत समपुरक अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ४
## बिविध

### ५. संझौता तथा तालिम

५.१) स्वीकृत प्रस्तावक हरुलाई निर्णय भएको मितिले ७ सात दिन भित्र कार्यालयमा बोलाई संझौता गराईसक्नुपर्नेछ ।

५.२) संझौताको ढाँचा अनुसुची ४ बमोजिम हुनेछ ।

५.३) प्रस्तावकहरुको फरक फरक पेशा विषय हरुको टीम बनाई कार्यालयले सिपमुलक तालीम उपलब्ध गराउनेछ ।

### ६. प्राविधिक सेवा

६.१) संझौता बमोजिम कृषि तथा पशुपालनको कार्यक्रम संचालन भएको स्थानमा प्राविधिक सेवा तथा परामर्शको लागी सम्बन्धित विषयको प्राविधिकलाई कार्यालयले जिम्मेवारी तोक्नुपर्नेछ ।

६.२) जिम्मेवारी लिएका प्राविधिकले आफ्नो क्षेत्रको कृषक सँग निरन्तर सम्पर्कमा रहने माग र आवश्यकता अनुसार फिल्डमा गई प्राविधिक सेवा तथा परामर्श दिने र पाक्षिक रुपमा आफ्नो शाखामा प्रतिवेदन अद्यावधिक गर्ने उत्तरदायीत्व रहनेछ ।

**७. अनुगमन**

७.१) कार्यक्रम संचालन भएको क्षेत्रमा विषयगत समितिले सम्बन्धित वडा समिति सँग समन्वय गरि अनुगमन तथा सहजीकरण गर्नेछ ।

७.२) कृषि शाखा र पशु शाखा ले सम्बन्धित वडा समिति सँग समन्वय गरि अनुगमन तथा सहजिकरण गर्नुका साथै लाभग्राहीको प्रगति विवरण अद्यावधिक गरी अभिलेख राख्नुपर्नेछ ।

७.३) आवधिक वा पुर्ण भुक्तानी पुर्व विषयगत समितिले कार्यालयमा अनुगमन प्रतिवेदन पेशगर्ने छ ।

७.४) अनुगमन प्रतिवेदनको ढाँचा अनुसुची ५ बमोजिम हुनेछ ।

**८. भुक्तानी प्रक्रिया**

८.१) कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमको संझौतामा पुरक अनुदानका फरक फरक शिर्षक अनुसार उल्लेखित समयावधिमा काम सम्पन्न गरि भुक्तानी माग गरेमा भुक्तानी दिन सकिनेछ ।

८.२) लाभग्राहीले बैकमा खाता खोल्नु पर्नेछ ।

८.३) कार्यक्रम स्थलमा कार्यक्रमको सुचना बोर्ड  राख्नुपर्नेछ ।

८.४) कार्यक्रममा समाविष्ट वस्तुहरु विमायोग्य भएको हकमा अनिवार्य विमा गर्नुपर्नेछ ।

८.५) भुक्तानी माग गर्दा संझौताको शर्त र आर्थिक ऐन बमोजिम कागजात संग्लन हुनुपर्नेछ

८.६)  भुक्तानी माग गर्ने आवेदनको ढाँचा अनुसुची ६ बमोजिम हुनेछ ।

८.७) भुक्तानी माग गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिश संलग्न राख्नु पर्नेछ ।

सरुमारानी गाउँपालिका

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमसंचालन कार्यविधि २०७७ को दफा ४.१.४ बमोजिमको**

अनुसुची १

निवेदन ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बङ्गाँडा,प्यूठान।

विषय : कार्यक्रममा सहभागी गराई दिनुहुन।

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको कार्यालयबाट प्रकाशित सूचना अनुसार बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन हुन लागेको हुँदा म/हामी .......................... देश बाहिरबाट घर फर्किएर बेरोजगार भई बसेको हुँदा ..................... स्थानमा .......................................कार्य गर्न चाहेको हुँदा कार्यक्रममा समावेश गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

निवेदन साथ संलग्न कागजातहरु :

१. निवेदक व्यक्ति भए नागरिकताको प्रतिलिपि/ समूहको हकमा बैठकको निर्णय प्रतिलिपि।

२. व्यक्ति वा समूह सदस्यहरुको क्वारेन्टाइन डिस्चार्जको प्रतिलिपि।

३. सक्षिप्त कार्ययोजना।

४.वडा कार्यालयको सिफारिस।

निवेदक :

नाम :

पद :

ठेगाना :

सम्पर्क नं. :

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमकार्यविधि २०७७ को दफा ४.१.७ बमोजिमको**

अनुसुची २

## सक्षिप्त कार्ययोजना

१. व्यवसायको परिचय :

२. कार्यक्रम शुरु हुने मिति :

३. कार्यक्रम सम्पन्न हुने मिति :

४. लक्षित वर्ग र संम्भावित रोजगारीको विवरण :

५. कार्यक्रम संचालन हुने स्थान :

६. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण :

| क्र. स. | क्रियाकलाप | ईकाई | परिमाण | दर | जम्मा रु. | लाभग्राहीको तर्फबाट साझेदारी रकम रु. | कार्यालयको तर्फबाट साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

पेश गर्ने :
नाम :
पद :
ठेगाना :

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमकार्यविधि २०७७ को दफा ४.२.४ बमोजिमको**

अनुसुची ३

स्थलगत अध्ययन प्रतिवेदन ढाँचा

.......................................................................................................................

१) कार्यक्रमको नाम :

२) कार्यक्रम माग गर्नेको नाम ठेगाना :

३) कार्यक्रम संचालन गर्ने स्थलको ठेगाना :

४) जग्गाको प्रकृति १. निजि क्षेत्रफल

२. लिज क्षेत्रफल

३.  सार्वजनिक  क्षेत्रफल

५) कार्ययोजनाको प्रकृति :१. बाख्रापालन २. कुखुरापालन ३. वंगुरपालन ४. भैंसीपालन ५. गाईपालन ६. माछापालन ७. मौरीपालन ८. तरकारीखेती ९. अदुवाखेती १०.फलफुल खेती ११. जडिवुटी खेती १२. अन्य ......................।

६) पुर्वाधारको अवस्था : क) हाल रहेका पुर्वाधार के के छन् ।

ख) संभाव्यता के देखिन्छ ।

७) माटो, हावापानी, तापक्रम, भौगोलिक अवस्थिति अनुकुल भए नभएको राय सुझाव ।

८) स्थानीय बजारमा खपत हुनसक्ने वा बाहिर निर्यात गर्नुपर्ने भएमा संभावना के देखिन्छ ।

९) यो पुरक अनुदान मात्र हो आफ्नो श्रम र पुँजी लगानी गर्न तत्परता छ या छैन भनी ईच्छुक व्यक्ति वा समुहलाई सोधेका प्रश्नका जवाफहरु के छन् ।

स्थलगत अध्ययन मिति :

अनुगमनकर्ताहरु  हस्ताक्षर

१.

२.

३.

४.

५.

६.

७.

रोहवर वडाअध्यक्ष

सरुमारानी गाउँपालिका

सरुमारानी गाउँपालिका

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमकार्यविधि २०७७ को दफा ५.२ बमोजिमको**

अनुसुची ४

संझौता ढाँचा

**संझौता पत्र**

लिखितम सरुमारानी गाउँकार्यपालिका बाट आ.व. २०७७७८ मा संचालित बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागी गाउँकार्यपालिका कार्यालय (प्रथम पक्ष) र प्रस्तावना पेश गर्ने व्यक्ति तथा समुह (द्धितिय पक्ष) बीच निम्नलिखित शर्त हरु पालन गर्ने गराउने गरी यो संझौता पत्रमा हस्ताक्षर गरिएको छ ।

शर्तनामाहरु

१. यस कार्यक्रम बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम कार्यविधि २०७७ बमोजिम लागु हुनेछ ।

२. प्रथम पक्षले कार्यक्रम संचालनको लागी मिति....................को पत्रादेश उपलब्ध गराउनेछ र द्धितिय पक्षले मिति......................सम्म कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।

३. प्रथम पक्षले कार्यक्रम स्थलको नियमित रुपमा र आकस्मिक रुपमा समेत अनुगमन गर्नेछ र अनुगमनकर्ताको रायसुझाव र टिप्पणीलाई द्धितिय पक्षले पालन गर्नुपर्नेछ ।

४. द्धितिय पक्षले कार्यक्रम संचालन गरेपछि पुरक अनुदानका शिर्षकहरु लिजको भाडा बाहेक अन्य शिर्षकको अनुदान को हकमा अलग अलग रनिङ्ग भुक्तानी माग गरेमा अनुगमन प्रतिवेदनको आधारमा प्रथम पक्षले भुक्तानी दिनुपर्नेछ र लिज भाडाको हकमा कार्यक्रम सम्पन्न भएपछि मात्र भुक्तानी दिईनेछ

५. माथी जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमनको क्रममा संझौता अनुसारको कार्य नभएको पाईएमा प्रथम पक्षले भुक्तानी दिन बाध्य हुनेछैन र संझौता समेत खारेज गर्न सक्नेछ ।

द्धितिय पक्षको तर्फबाट — प्रथम पक्षको तर्फबाट

संचालक व्यक्ति वा समुहको संयोजक — प्रमुख प्रशासकिय अधिकृत

रोहवर

आर्थिक विकास विषयगत समितिको संयोजक

लेखा शाखा प्रमुख

विषयगत शाखा प्रमुख

संझौता मिति २०७७ साल ...........महिना...........गते रोज.........शुभम् ।

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमकार्यविधि २०७७ को दफा ७.४ बमोजिमको**

## अनुसुची ५

## अनुगमन प्रतिवेदन ढाँचा

..........................................................................................................................

१) कार्यक्रमको नाम :

२) कार्यक्रम संचालन गर्ने व्यक्ति । समुहको नाम ठेगाना :

३) कार्यक्रम स्थल :

४) कार्यक्रमको प्रगति विवरण :

क) उत्पादनको विवरण

ख) पुर्वाधारको अवस्था

ग) वस्तु तथा सामग्रीको अवस्था

घ) परिणाममुखी उपलब्धी

ङ) कमिकमजोरीको राय सुझाव

च) कार्यक्रम व्यावसायिक योजना र संझौता बमोजिम भए नभएको एकिन

अनुगमन मिति : ................

अनुगमन कर्ता

| क.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

सरुमारानी गाउँपालिका

**बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रमकार्यविधि २०७७ को दफा ८.२ बमोजिमको**

अनुसुची ६

भुक्तानी माग निवेदन ढाँचा

..........................................................................................................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु                                        मिति :

सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्युठान ।

विषय : भुक्तानी माग गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा बेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालनको लागी मिति......................को पत्रादेश अनुसार कार्यक्रम संचालन गरिएको र कार्यक्रम पुर्ण । .............पुरक अनुदान विषयको कार्य सम्पन्न भएको हुँदा विल भरपाई संलग्न राखी यो निवेदन पेश गरिएको छ कार्यक्रम सम्पन्न भएको स्वीकृती दिई ......... बैकको खाता नं. ............................मा उपलब्ध गराईदिनुहुन विनम्र अनुरोध छ ।

निवेदक

आज्ञाले
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०७७।१२।२७